# कालिमाटी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १३ मितिः२०७९/०९/१७


## भाग-२

## कालिमाटी गाउँपालिका

# कालिमाटी गाउँपालिकाको उच्च शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः२०७९/०९/१२

**प्रस्तावना :**

यस गाउँपालिकामा बसोबास गर्ने विपन्न तथा आर्थिक रुपले कमजोर महिला, दलित, जनजाति, लोपोन्मुख, सिमान्तकृत, मुक्त कमैयाँ तथा कमलरी, द्वन्दकालिन समयमा सहादत प्राप्त गरेका सहिदहरु, बेपत्ता र घाइतेहरुको सन्तति र एकाघरका परिवार तथा अन्य वर्गका क्षमतावान् बालबालिकाहरुको उच्च शिक्षा अध्ययन गर्ने इच्छा पूरा गर्न, उच्चस्तरीय जनशक्ति उत्पादन गरी स्थानीय स्तरमै परिचालन गर्न र स्थानइ सरकारको अनुभुति दिलाउन, उच्च शिक्षा अध्ययन गर्ने प्राविधिक शिक्षा तथा साधारण शिक्षामा दिइने छात्रवृत्लाई व्यवस्थित गर्न बाञ्छनीय भएकाले कालिमाटी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नेका लागि बनेको ऐन २०७५ को दफा ४( १) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

**परिच्छेद -१**

**प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भ**

१. संक्षिप्त नाम र प्रारम्भ : १. यो कार्यविधिको नाम कालिमाटी गाउँपालिकाको उच्च शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९ रहेको छ।

२. गाँउ कार्यपालिकाको वैठकवाट पारित भई राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यपालिका भन्नाले कालिमाटी गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ।

ख. गाउँपालिका भन्नाले कालिमाटी गाउँपालिकालाई सम्झनु पर्नेछ ।

ग. छात्रवृत्ति भन्नाले प्राविधिक विषयमा उच्च शिक्षा तर्फ स्नातक तहमा अध्ययन गर्ने गरिव तथा विपनन परिवारका, मुक्त कमैया, तथा कमलरी, दलित परिवारका सन्ततिहरुलाई दिइने र प्राविधिक तर्फका विषयहरु स्नातक तह, चिकित्सा शिक्षा, इन्जिनियरिङ, सी ए विषयमा अध्ययनका लागि गाउँपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुबिधा संघीय सरकार, प्रदेश सरकार वा कुनै पनि शैक्षिक संस्थाले उपलब्ध गराएको सुबिधा वा प्राविधिक सहायता सम्झनु पर्नेछ ।

घ. सरकार भन्नाले कालिमाटी गाउँपालिकालाई सम्झनु पर्छ र सो शब्दले संघीय सरकार र प्रदेश सरकारलाई समेत जनाउँछ ।

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले कालिमाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च. एम वी वी एस भन्नाले चिकित्सा विज्ञानको स्नातक तहलाई सम्झनुपर्छ

छ. इन्जिनियरिङ भन्नाले इन्जिनियरिङ विषयको स्नातक तहलाई सम्झनु पर्नेछ ।

ज. वी एस्सी एजी भन्नाले कृषि विज्ञान विषयको स्नातक तहलाई सम्झनुपर्छ ।

झ. सी ए भन्नाले सी विषयको स्नातक तहलाई सम्झनुपर्छ ।

ञ. शिक्षा शाखा भन्नाले कालिमाटी गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

ट. सामुदायिक विद्यालय भन्नाले स्थानीय तह वा व्यवस्थापन समितिले जिम्मा लिएको विद्यालयलाई सम्झनुपर्छ ।

ठ. साधारण शिक्षा भन्नाले स्नातक तहमा अध्ययन हुने साधारण विषयलाई सम्झनुपर्छ ।

ड. छात्रवृत्ति निर्धारण समिति भन्नाले नियम ६ बमोजिमको समिति सम्झनुपर्छ।

ढ. मूल विषय भन्नाले छात्रवृत्तिको लागि दरखास्त आह्वान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचनामा तोकिएको विषय सम्झनुपर्छ ।

ण. परीक्षा भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उम्मेद्वार छनौट गर्न विश्व विद्यालय तथा प्रतिष्ठानले लिएको परीक्षा सम्झनुपर्छ ।

त. बिगो निर्धारण समिति भन्नाले नियम २५ बमोजिम छात्रवृत्ति सम्बन्धि बिगो निर्धारण समिति सम्झनुपर्छ ।

थ. विश्वविद्यालय भन्नाले नेपालमा रहेका २०७६ सालसम्म स्थापना भएका ११ विश्वविद्यालय लगायतका विश्वविद्यालयहरुलाई सम्झनुपर्छ ।

द. प्रतिष्ठान भन्नाले वि पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनुपर्छ ।

## परिच्छेद -२

## छात्रवृत्ति प्रदान विषय, कोटा संख्या र आवश्यक न्युनतम योग्यता

३) यो कार्यविधि प्राविधिक विषयमा स्नातक तहको लागि तपसिलमा उल्लेख भए बमोजिमको कोर्शहरु अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्न सकिने छ ।उल्लेखित विषयमा छात्रवृत्ति प्रदान गर्दा कोटा संख्या र जम्मा लाग्ने शुल्क तपसिल बमोजिमको प्रदान गर्न सकिने छ । साथै कार्यविधि अनुसार मापदण्ड पूरा गरेका कार्यविधि निर्माण हुनुभन्दा अगाबै प्राविधिक शिक्षा तर्फका

विषयमा अध्ययन गर्दै गरेका आर्थिक रुपले अतिविपन्न विद्यार्थीले अघिल्लो आर्थिक वर्षको अध्ययनरत विषयका लागि छात्रवृत्तिको लागि निवेदन दिन सक्नेछ।

१. एम वी वी एस

२. इन्जिनियरिङ

३. सी ए १

४. कृषिविज्ञान

५ सूचना प्रविधि

क. मुक्त कमैया ख. आर्थिक रुपले विपन्न जेहेन्दार ग. विपन्न दलित घ. सिमान्तकृत र लोपोन्मुख ङ. सहिद बेपत्ता तथा घाइते परिवारका सन्तति।

छात्रवृत्ति प्राप्त गर्न आवश्यक न्युनतम शैक्षिक योग्यता वा प्राप्ताङ्को हकमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड अनुसार हुनेछ।

## परिच्छेद -३

## छात्रवृत्ति छनौटका लागि आधारभूत मापदण्ड

**४) देहायका मापदण्ड वा योग्यता पुगेको अवस्थमा मात्र अनुसूची १ बमोजिमको निबेदन उपर कार्बाही गरी छात्रवृत्ति प्रदान गर्न सकिने छ :**

क. SLC/SEE पास गर्दाको बखतबाट कालिमाटी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने,

ख. अति विपन्न जेहेन्दार र अति विपन्न अवस्थाको आधार,

ग. फौजदारी अभियोगमा कसुरदार नदेखिएको,

घ. नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय विश्व विद्यालय तथा शिक्षण संस्थाले तोकेको न्यूनतम मापदण्ड पूरा गरेको,

ङ. सामुदायिक विद्यालयबाट आधारभूत तहदेखि एस एल सी / एस इ इ उत्तीर्ण गरेको,

च. अनुसूचि २ बमोजिमको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको

छ. प्राविधिक शिक्षा तर्फका विषयमा अघिल्लो आर्थिक वर्षमा अध्ययनरत विद्यार्थीले समेत छात्रवृत्तिको लागि निवेदन दिन सक्नेछ।

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै परिवारको व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ति एक पटक मात्र पाउनेछ।

## परिच्छेद -४

## छात्रवृत्ति छनौट तथा सिफारिस समिति

**५) छात्रवृत्ति सम्बन्धी नीति निर्धारण समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ :**

क. गा पा प्रमुख -अध्यक्ष

ख. गा पा उप प्रमुख -सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ. स्वास्थ्य शाखा प्रमुख -सदस्य

ङ. भौतिक पूर्वाधार शाखा प्रमुख -सदस्य

च. गा पा तोकेको शिक्षा समितिको महिला सदस्य सहित २ जना -सदस्य

छ. गा पा स्थित प्राविधिक शिक्षा संचालन गरेको मा वि स्तरको विद्यालयको प्र अ-सदस्य

ज. सामाजिक विकास समिति संयोजक -सदस्य
झ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

१. छात्रवृत्ति निर्धारण समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

२. छात्रवृत्ति छनौट तथा सिफारिस समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुने छ।

३. छात्रवृत्तिको छनौट सम्बन्धि सम्पूर्ण अधिकार छात्रवृत्ति छनौट तथा सिफारिस समितिमा अन्तरनिहित रहनेछ।

**६) छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :**

क. छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,
ख. छात्रवृत्ति प्राप्त गर्न आवश्यक कारवाही गर्ने,
ग. छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरुबीच समन्वय कायम गर्ने,
घ. छात्रवृत्ति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,
ङ. विभिन्न विश्व विद्यालय प्रतिष्ठान र विद्यालयले उच्च शिक्षा छनौट गर्न सञ्चालन गरेको परीक्षामा उत्तीर्ण भएका यस पालिकामा बसोबास गर्ने उम्मेद्वारको आवश्यक कागजात हेर्ने प्रमाणिकरण गर्ने र छनौट गर्ने,
च. छात्रवृत्ति सम्बन्धमा आवश्यक काम गर्ने गराउने ,
छ. आवश्यक सूचना प्रकाशन गर्ने,
ज. छात्रवृत्ति छनौट गर्ने सम्बन्धमा कुनै गुनासो आएमा सो को सुनुवाइ गर्ने ,
झ. छात्रवृत्तिका लागि पर्न आएका निवेदनका आधारमा आरक्षण कोटा थपघट गर्ने,
ञ. विद्यार्थीको पारिवारिक अति विपन्न अवस्थाको आँकलन गर्ने।

**७) छात्रवृत्तिको विषय स्वीकृत गर्नुपर्ने :**

१. प्रत्येक वर्षको बजेट नीति तथा कार्यक्रम बनाउँदा गाउँपालिकाबाट दिइने प्राविधिक शिक्षाका विभिन्न किसिम तह वा स्तरको छात्रवृत्तिको विवरण शिक्षा, युवा तथा खेलकुद शाखाले तयार पारी प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिका समक्ष पेश गर्नेछ।

२. उपनियम (१) बमोजिम प्राप्त भएको प्रस्तावनालाई गाउँ कार्यपालिकाले अनुकूल चाहिने आधारमा जनशक्तिको विश्लेषण गरी छात्रवृत्तिको विषय स्वीकृत गर्नेछ।

३. उपनियम (२) बमोजिम विषय स्वीकृत भए पछि शिक्षा युवा तथा खेलकुद शाखाले स्वीकृत गरिएका छात्रवृत्तिको विषय, अवधि र संख्या अन्य छनौटको विधि अबलम्बन गरी कसरी छनौट गर्ने हो सो समेत खुलाई प्रमुख प्रशासकीय अधिकृतले गाउँ कार्यपालिकामा पठाउने छ।

४. उपनियम (३) बमोजिम स्वीकृत भएका विषय मध्ये स्वदेशमै अध्ययन व्यवस्था भए नभएको एकिन गरी स्वदेशमा भएका संस्थामा मध्ये सम्बन्धित विश्व विश्वविद्यालयका केन्द्रिय वा आंगिक क्याम्पसमा अध्यन प्रदान गर्न कारवाही गर्ने छ।

**८) स्वीकृत नभएको विषयमा छात्रवृत्तिमा नपठाउने नियम :** नियम (३) वा (४)मा देखिएदेखि बाहेक गाउँपालिकाबाट विषय स्वीकृत नभएको छात्रवृत्ति प्राप्त गरिने वा त्यस्तो छात्रवृत्तिमा निमित्त पठाइने छैन।

**९) छात्रवृत्ति आरक्षण गरिने व्यक्तिका लागि छनौट गर्ने आधारहरु :**

१. गाउँपालिकाले प्रदान गर्ने वा गाउँपालिकाको नाममा प्राप्त छात्रवृत्तिलाई सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी देहायको अंक प्रदान गरिने छ।

क. आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि -३० अंक

ख. महिलाका लागि -१० अंक

ग. अपाङ्गका लागि -१० अंक

घ. जनजातिका लागि -१० अंक

ङ. दलितका लागि -१० अंक

च. जनयुद्ध,जनआन्दोलन तथा मधेश आन्दोलनका सहिद बेपत्ता घाइते/अपाङ्गका सन्ततिहरु - १० अंक

छ शैक्षिक योग्यता वापत २०अंक

**<u>स्पष्टिकरण :</u>**

१. यस खण्डको प्रयोजनका लागि आर्थिक वा सामाजिक रुपमा विभिन्न भन्नाले यस कालिमाटी गाउँपालिका वडा नं १ देखि ७ सम्म बसोबास गर्ने गरेको सबै जातिका उच्च शिक्षा अध्ययन गर्न नसक्ने सम्बन्धित वडाले सिफारिस गरेको अति गरिब तथा विपन्न व्यक्तिलाई जनाउँछ।साथै माथि उल्लेखित अंक र निज व्यक्तिले प्राप्त गरेको शैक्षिक योग्यताको अंक जोड्दा अधिकत्तम अंक प्राप्त गर्नेलाई स्नातक तह प्राविधिक शिक्षा अध्ययन गर्नका उपयुक्त उम्मेद्वार छनौट गर्ने।

२. माथि उल्लेखित छात्रवृत्तिका लागि आरक्षण गरिएका व्यक्तिहरुले प्राविधिक शिक्षा तर्फ विश्वविद्यालयले लिने प्रवेश परीक्षा उत्तीर्ण गरेको आधिकारिक प्रमाण पेश गर्नुपर्ने छ।

**१०) उच्च शिक्षा अध्ययनका लागि न्यरूनतम शैक्षिक योग्यताको अंक निर्धारण गर्ने आधारहरु :**

क. A+ (२० अंक)

ख. A (१५ अंक)

ग. B+ (१२ अंक)

घ .B (१० अंक)

ङ. C+ (८ अंक)

११) श्रेणि खुलेको शैक्षिक योग्यताको हकमा

क प्रथम श्रेणि भए २० अंक

ख द्धितिय श्रेणि भए १५ अंक

ग तृतिय श्रेणि भए १२ अंक

यस कालिमाटी गाउँपालिकाभित्र बसोबास गविश्वविद्यालय, प्रतिष्ठान र विद्यालयमा छात्रवृत्ति उपलब्ध गराइनेछ।

क. उच्च शिक्षामा  प्राविधिक विषषमा अध्ययन गर्न त्रिभूवन विश्वविद्यालयको, केन्द्रिय र आंगिक क्याम्पस काठमाडौँ विश्व विद्यालयको केन्द्रिय र आंगिक क्याम्पस, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, विपि कोइराला स्वास्थ्य विज्ञान प्रतष्ठान, राष्ट्रिय स्वास्थय विज्ञान प्रतिष्ठान र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान।

ख. गाउँपालिकाले छात्रवृत्ति प्रदान गर्दा जुनसुकै विषयको छात्रवृत्ति भएपनि एक परिवारका सदस्यलाई एक पटक मात्र प्रदान गरिनेछ तर साधारण शिक्षा तर्फ यो नियम लागू हुने छैन।

**१२)** यस कालाटी गाउँपालिका  भित्र बसोबास गर्ने नियम (९) र (१०) अनुसार अधिकतम् अंक प्राप्त गरेका उम्मेद्वारहरुलाई छात्रवृत्ति कोटा उपलब्ध गराइने छ।

**१३)** उल्लेखित ५ वटा प्राविधिक विषयमा  स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई  वर्षमा एकपटक एकजनालाई एक विषयमा वार्षिक तपशिल वमोजिमको रकम  छात्रवृत्तिको रुपमा प्रदना गरिने छ।

तपशिल

क  एमविविएस को लागि  रु २ लाख पचास हजार।

ख  ईन्जिनियरिङको लागि रु १ लाख ५० हजार।

ग   सि ए को लागि रु  १ लाख।

घ   सूचना प्रविधि  १ लाख।

ङ   वालीविज्ञान १ लाख।

**१४)** अति विपन्न तथा जेहेन्दार अपाङ्गता विद्यार्थीको हकमा पर्न आएका निवेदनहरुबाट विद्यार्थीको कक्षा १२ को प्राप्ताङ्क तथा निजको पारिवारिक स्थिति अति विपन्न तथा अपाङ्ग अवस्थाको आधारलाई समेत मूल्याङ्कन गरी छात्रवृत्तिको छनौट निर्धारण गरिने छ।

**१५)** सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने  गाउँपालिकाले  छात्रवृत्तिको निमित्त देहायका कुराहरु खुलाई कम्तीमा १५ पन्ध्र दिन अगाबै गाउँपालिकाको सूचना पाटी वेब साइट र राष्ट्रियस्तरको कुनै दैनिक पत्रिकामा सार्वजनिक रुपमा सूचना प्रकाशन गरी दरखास्तका लागि आव्हन गर्नु पर्नेछ।

**१६)  उम्मेद्वार हुन चाहिने न्यूनतम योग्यता**  :

१. विश्वविद्यालय, प्रतिष्ठान र विद्यालयले सञ्चालन गरेको परीक्षामा उत्तीर्ण भै उम्मेद्वारले आवश्यक अंक प्राप्त गरेको हुनुपर्ने।

२. उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतपनि छात्रवृत्ति उपलब्ध गराउने संघीय सरकार प्रदेश सरकार र कुनै निकाय  वा शिक्षण संस्थाले छात्रवृत्तिका लागि छुट्टै शैक्षिक योग्यता र उत्तीर्ण प्रतिशत तोकेको समेत पूरा गरेको हुनुपर्नेछ।

३. उम्मेद्वार कालिमाटी गाउँपालिकामा स्थायी बासिन्दा र नियमित रुपमा स्थायी बसोबास गरेको हुनुपर्ने छ।

४. उम्मेद्वारले कालिमाटी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयबाट आधारभूत शिक्षाका साथै माध्यमित शिक्षा परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने छ।

५. नियम (९) बमोजिमको आरक्षण भित्रको हुनुपर्ने छ।

**१७) सिफारिस पेश गर्नुपर्ने :**

१. नियम (९) बमोजिम आरक्षित गरिएको उम्मेद्वारले सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहायको निकायमा सिफारिस पेश गर्नुपर्ने छ।

क. अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहले जारी गरको अपाङ्ग परिचय पत्र।

ख. जनजातिले आदिवासी जनजाति उत्थान, राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा गाउँपालिकाको कार्यालयबाट सिफारिस।

ग. दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा वडा कार्यालयको सिफारिस।

घ. आर्थिक वा सामाजिक रुपले विपन्न व्यक्तिले वडा कार्यालयको सिफारिस।

ङ. विश्वविद्यालय, प्रतिष्ठान र विद्यालयले प्रवेश परीक्षा लिएकफ प्रवेश पत्र।

च. विश्वविद्यालय ,प्रतिष्ठान र विद्यालयले लिएको परीक्षाको प्राप्ताङ्कको सिफारिस।

**१८) कबुलियत गर्नुपर्ने :**

१. प्राविधिक शिक्षा तर्फ एम वी वी एस छात्रवृत्तिमा छनौट भई अध्ययन जानु अघि त्यस्तो व्यक्तिले अनुसूचि २ बमोजिमको ढाचामा कबुलियतनामा गरी गाउँपालिका समक्ष बुझाउनुपर्ने छ।

२.उपदफा १ बमोजिम कबुलियत गर्दा सम्बन्धित व्यक्तिले नेपाल मेडिकल बोर्डमा दर्ता भएको चिकित्सकद्वारा परीक्षण गरिएको निरोगिताको सक्कल प्रमाणपत्र समेत पेश गर्नुपर्ने छ।

**१९)छात्रवृत्तिको समयावधि थप गर्न सक्ने :** छात्रवृत्तिमा अध्ययनका निम्ति पठाइएको विषय कुनै कारण पूर्व निर्धारित अवधिभित्र सम्पन्न हुन नसक्ने कारण देखाई म्याद थपको निम्ति छात्रवृत्ति प्राप्त गरेको व्यक्तिले आफू अध्ययनरत संस्थाको सिफारिसका साथ गाउँपालिका समक्ष निवेदन दिएमा म्याद थपको निम्ति छात्रवृत्ति हुने नहुने कुराको विचार गरी गाउँपालिकालाई कुनै आर्थिक व्ययभार नपर्ने र भविष्यमा प्राप्त हुने छात्रवृत्तिलाई असर पर्ने भए अध्ययन वा सो को म्याद थप गर्न गाउँ कार्यपालिकाले स्वीकृति दिन सक्ने छ।

**२०) प्रतिवेदन पेश गर्नुपर्ने :**

१. छात्रवृत्तिमा जाने विद्यार्थीले अध्ययन सकेको मितिले तीन महिना भित्र अनुसूचि ३ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्ने छ।

२. उपनियम(२)बमोजिम प्रतिवेदन पेश भएको मितिले एक वर्ष भित्र सरकारको स्वामित्व भएको वा स्थानीय सरकारले आर्थिक सहायत प्रदान गरेको कुनै संस्था वा संस्थानको कुनै पदमा २ वर्षसम्म सेवा गर्न लगाउन सक्ने छ र सो सम्बन्धित व्यक्तिको कर्तव्य हुने छ। त्यसरी सरकारले तोकेको सेवा, पद र स्थानमा काम नगर्ने व्यक्ति सरकारको कुनै सेवा, पद, सरकारी स्वामित्व भएको वा सरकारले आर्थिक सहायता प्रदान गरेको संस्था वा संस्थानको कुनै पदमा सामान्यत:अयोग्य हुने छ। तर ,

क. सरकारले एक वर्षको अबधिभित्र सो व्यक्तिलाई कुनै काम लगाउन नसकेमा यो नियम लागू हुने छैन।

ख. सरकारले एक वर्षको अबधिभित्र पनि निजलाई गैर सरकारी सेवामा प्रवेश गर्ने अनुमति दिन सक्ने छ र सो अनुमति दिइएकोमा निजलाई यो नियम लागू हुने छैन।

३. छात्रवृत्ति पाउने व्यक्तिले सो छात्रवृत्तिमा अध्ययन गरी वा तालिम लिइरहेको अवस्थामा सरकारको पूर्वस्वीकृत नलिई सरकारले स्वीकृत गरेको विषय बाहेक अन्य विषयमा वा सोही विषयमा पनि अझ उच्चतर अध्ययन तथा तालिम लिन छात्रवृत्ति प्राप्त गरेपछि सरकारको स्वीकृति नलिई अध्ययन समाप्त नगरी बिचैमा छोड्नु हुँदैन।

**२१) दण्ड वा सजाय :**

१.कुनै गाउँपालिका भन्दा बाहिरको नागरिकले गाउँपालिका भित्रको नागरिक हुँ भनी ढाटी छात्रवृत्ति प्राप्त गरेमा निजबाट विगो असुलउपर गरी निजलाई दश हजार रुपैयाँ सम्म जरिमाना हुने छ।

२. गाउँपालिका भन्दा बाहिरको नागरिकलाई गाउँपालिका भित्रको नागरिक हो भनी प्रमाणित गरी वा गराई त्यस्ता नागरिकले छात्रवृत्ति पाएमा सो प्रमाणित गर्ने गराउने दुई हजार रुपैया जरिमाना हुने छ।

३. यस कार्यविधि बमोजिम छात्रवृत्तिमा अध्ययन गर्न गएको व्यक्ति अध्ययन पूरा गरी गाउँपालिकामा सम्पर्क गर्न नआएमा निजको लागि त्यस्तो छात्रवृत्तिमा अध्ययन लागेको सम्पूर्ण खर्च र सरकार वा कुनै संस्थाले कुनै किसिमको अनुदान दिएको भए सो अनुदान बराबरको रकम निजबाट असुल उपर गरिने छ।

४. कसैले नियम (१६)बमोजिमको कुनै शर्त उल्लङ्घन गरेमा निजलाई देहाय बमोजिमको सजाय हुनेछ :

क. दफा (४) को उपदफा (२) बमोजिम स्थानीय सरकारले तोकी दिएको पद र स्थानमा काम नगरेमा वा काम गर्न छोडेमा विगो असुल गरी दश हजार रुपैयाँ सम्म जरिमाना,

ख. कुनै शारीरिक तथा मानसिक बिरामीले गर्दा सेवा गर्न असमर्थ भएमा वा स्थानीय सरकारबाट पूर्वस्वीकृति लिएकोमा बाहेक शर्त बमोजिमको अबधि पूरा नगरी बिचैमा अध्ययन गर्न छोडेमा बागो असुल गरी पाँच हजार रुपैयाँ जरिमाना।

५. उपदफा (३)को तात्पर्यको लागि कुनै व्यक्ति शारीरिक वा मानसिक बिरामीले गर्दा असमर्थ भएको हो भन्ने कसैले जिकिर आएकोमा निजले सव कुरा नेपाल मेडिकल बोर्डद्वारा प्रमाणित गराउनु पर्नेछ।

**२२) स्थानीय सरकारले बिगो निर्धारण गर्ने :**

१. सरकारले यस कार्यविधि बमोजिम बागो असुल गर्दा छात्रवृत्तिको विषय, स्तर, अबधि तथा छात्रवृत्ति बमोजिम अध्ययन गर्ने स्थान र संस्थाको आधारमा बिगो निर्धारण गर्नेछ।

२. उपदफा (१)बमोजिम बिगो निर्धारण गर्दा प्राविधिक वा अप्राविधिक विषयमा अध्ययन गर्दा सम्बन्धित शिक्षण संस्थामा लागेको शिक्षण शुल्क तथा कुनै अनुदान तिरेको भए त्यस्तो अनुदान रकम बराबरको बिगो निर्धारण गर्नु पर्नेछ।

**२३) बिगो निर्धारण समिति :**

१. नियम (२०) बमोजिम छात्रवृत्ति सम्बन्धि बिगो निर्धारण गरी गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नका लागि देहाय सदस्यहरु रहेको एक छात्रवृत्ति विगो निर्धारण समिति रहनेछ।

क. न्यायिक समिति संयोजक - अध्यक्ष

ख. न्यायिक समितिको संयोजकले तोकेको पदाधिकारी - सदस्य

ग. शिक्षा शाखा प्रमुख - सदस्य

घ. अधिकृतसतरको कर्मचारी कानुन शाखा - सदस्य

ङ. प्रशासन शाखा प्रमुख - सदस्य सचिब

२. छात्रवृत्ति विगो निर्धारण समितिको बैठक सम्बन्धि कार्यविधि सो समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ।

**२४) सरकारी बाँकी सरह असुल गरिने :** गाउँपालिकाले निर्धारण गरेको बिगो सम्बन्धित व्यक्तिले तीन महिना भित्र गाउँपालिकाभित्र बुझाउनु पर्नेछ।सो म्यादभित्र कुनै व्यक्तिले सो बिगो नबुझाएमा नेपाल सरकारको बाँकी सरह असुल गरिने छ।

**२५) दरखास्त दिन अयोग्य हुने :** कुनै व्यक्तिले झुटा विवरण पेश गरी दरखास्त दिएको पाइएमा निजलाई २ वर्षसम्म छात्रवृत्तिको लागि निवेदन दिन अयोग्य हुने गरी सूचिकृत गरिने छ।

**२६) पुन:छात्रवृत्तिमा छनौट नगरिने :**

१. छात्रवृत्तिमा छनौट भएको व्यक्ति छात्रवृत्तिमा नगएमा वा त्यस व्यक्तिले कार्यविधि विपरितको अन्य कार्य गरेमा निजलाई कानुन बमोजिम सजाय हुनेछ।

२. गाउँपालिका छात्रवृत्तिमा नजाने वा कार्यविधि बमोजिम सजाय पाएको व्यक्तिको विवरण अद्यावधिक गराई राख्ने छ।

**२७) छात्रवृत्ति अभिलेख राख्ने :** कालिमाटी गाउँपालिकाबाट प्रदान गरिने कार्यविधिमा उल्लेखित विषयको छात्रवृत्तिको सम्पूर्ण अभिलेख कालिमाटी गाउँपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखाले गर्ने छ।

**२८) मापदण्ड बनाउने गाउँपालिकाको अधिकार :**

१. यो कार्यविधिको उद्देश्य कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक मापदण्ड बनाउन सक्ने छ।

२. उपदफा (१) ले दिएको अधिकारको सर्बमान्यतामा प्रतिकूल प्रभाव नपारी देहायका विषयहरुमा समेत मापदण्ड बनाउन सक्ने छ।

क. छात्रवृत्तिको विषय स्वीकृत गर्ने,

ख. उम्मेद्वार छनौट गर्ने तरिका,

ग. छात्रवृत्तिको अबधि थप्ने,

घ. एक विषयमा छात्रवृत्ति पाएको व्यक्तिले सो विषय परिवर्तन गर्ने,

ङ. अध्ययन सकिएपछी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने,

च. छात्रवृत्ति छनौटको अन्तिम अधिकार गाउँपालिकालाई हुने छ।

**निवेदनको ढाँचा**
**अनुसूची -१**
**(दफा ४ सँग सम्बन्धित)**

दुबै कान देखिने हालसालैको फोटो

मिति :२० / ……. /………

प्रस्तुत विषयमा यस कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको वडा नं……….. टोल....................को स्थायी निवासी ................... को नाति/नातिनी .............................. को छोरा /छोरी म ........................... ले कालिमाटी गाउँपालिकाबाट वितरण हुने स्नातक तह ……………….. ………… विश्वविद्यालय/क्याम्पसमा अध्ययनको लागि छात्रवृत्ति पाउँ भनी यो निवेदन पेश गर्दछु ।

| क्र सं | शैक्षिक योग्यता | शैक्षिक संस्थाको नाम | शैक्षिक वर्ष | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**निवेदक**

नाम थर :

दस्तखत :

मोबाइल नं :

**अनुसूची-२**
**(दफा १५ को उपनियम १ सँग सम्बन्धित)**

**कबुलियतनामा**

श्री ........................... को नाति /नातिनी श्री .................को छोरा/छोरी जिल्ला ..................गाउँपालिका ...............वडा नं ...............मा स्थायी बसोबास भएको मिति ......................मा जन्मेको म ................गाउँपालिकाबाट ...........विषयमा अध्ययनका लागि ......................संस्थामा निशुल्क/आंशिक शुल्क /सशुल्क छात्रवृत्तिमा छनौट भएकाले सो अध्ययन पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धि कार्यविधि २०७९ बमोजिम गर्नुपर्ने सम्पूर्ण कामहरु गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको आर्थिक सुबिधा र अध्ययनमा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्च बापतको रकम समेत बुझाउनेछु। सो नबुझाएमा मेरो घरघरानाबाट बाँकि सरह असुल उपर गरेमा मेरो मञ्जुरी भएकाले सो बमोजिम कबुलियतनामा कालिमाटी गाउँपालिकामा बुझाएँ।

ल्याप्चे सही छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

छात्रवृत्ति पाउनेको विवरण

सही:

नाम :

सम्पर्क ठेगाना:

सम्पर्क नं:

मिति :

नोट-

१ अध्ययन समाप्त भएपश्चात तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

२ अध्ययन समाप्त भएपश्चात तोकिएको अबधिसम्म अनिवार्य काम गर्नुपर्नेछ।

**अनुसूची -३**
**(दफा १८ सँग सम्बन्धित)**
**प्रतिवेदन**

श्री कालिमाटी गाउँपालिका
रामपुर सल्यान
कर्णाली प्रदेश।

विषय: प्रतिवेदन पेश गरेको।

........................... .............................. बाट छात्रवृत्तिमा छनौट भई ................................सरकार वा संस्थाको छात्रवृत्तिमा वि सं/स न् .................मा ......................विषयमा अध्ययन गर्न गएकोमा सो अध्ययन सम्पन्न गरेकोले निम्न विवरण सहित यो प्रतिवेदन पेश गरको छु।

प्रतिवेदन पेश गर्नेको विवरण

सही :
नाम :
ठेगाना :
मिति :

**<u>उल्लेख गर्नुपर्ने विवरण :</u>**

क. अध्ययन गरेको विषय ,
ख. अध्ययन गरेको संस्थाको नाम र ठेगाना,
ग. अध्ययनमा गएको स्थान,
घ. हासिल गरेको शैक्षिक योग्यता र तालिम,
ङ.अध्ययन समाप्त भएको मिति,
च. अध्ययन अबधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रम:
(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनुपर्ने),
छ. अध्ययन वा तालिम लिदा भएको खर्च विवरण,
ज.अध्ययन अवधिभर कुनै मान, पदवी वा पुरस्कार प्राप्त गरेको भए सो को विवरण :
(प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने),
ञ. अध्ययन अबधिमा विषय परिवर्तन गरे नगरेको विवरण यदि गरेको भए पूरा विवरण उल्लेख गर्ने।

**अनुसूची-४**
**(दफा ९ सँग सम्बन्धित)**
**छात्रवृत्ति सम्बन्धि सूचना**

यस कालिमाटी गाउँपालिकाको आ व .................वार्षिक बजेटमा उल्लेखित जनतासँग गाउँ प्रमुख कार्यक्रम कार्यान्वयन गर्नका लागि बनाइएको छात्रवृत्ति सम्बन्धि कार्यविधि २०७९ बमोजिम यस कालिमाटी गाउँपालिकामा स्थायी बसोबास गर्ने उच्च शिक्षामा प्राविधिक तथा साधारण शिक्षा अध्ययन गर्न तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशन भउको मितिले १५ दिन भित्र तोकिउको ढाँचामा कालिमाटी गाउँपालिकामा निवेदन दिनुहुन सम्बन्धित सबैमा यो सूचान प्रकाशन गरिएको छ। साथै निर्धारित समयभन्दा पछि निवेदन पर्न आएमा उक्त निवेदन उपर कुनै काम कारबाही गरिने छैन।

**तपशील :**

**१. प्राविधिक उच्च शिक्षातर्फ निर्धारण गरेका कोटा संख्या:**

क. MBBS १ (एक)
ख. Engineering १ (एक)
ग. charter accountant १ (एक)
घ वालिविज्ञान १ एक
ड सूचना प्रविधि १ जना

क. मुक्त कमैया (७),मुक्त कमलरी (१०), आर्थिक रुपले विपन्न जेहेन्दार (१४), विपन्न दलित (७), सिमान्तीकृत र लोपोन्मुख (२), सहिद वेपत्ता तथा घाइते परिवारका सन्तति (१०)

**३. आवश्यक न्यूनतम शर्त तथा योग्यताका कागजातहरु :**

क. SLC/SEE पास गर्दाको बखतबाट कालिमाटी गाउँपालकाको स्थायी बासिन्दा हुनुपर्ने,
ख. सामुदायिक विद्यालयबाट एस एल सी / एस इ इ उत्तीर्ण गरेको हुनुपर्ने,
ग. प्राविधिक शिक्षा तर्फ प्रवेश परीक्षा उत्तीर्ण गरेको merit list को प्रतिलिपि ,
घ. शैक्षिक योग्यातको प्रमाणपत्र प्रतिलिपि,
ङ. नागरिकताको प्रमाणपत्र,
च. लक्षित वर्गका व्यक्तिहरुले सो वर्गमा पर्ने आधिकारिक सिफारिस पत्र,
छ. आर्थिक विपन्नताको हकमा सम्बन्धित वडाको सिफारिस पत्र,
ज. अध्ययन गर्ने संस्थाको सिफारिस,
झ. साधारण शिक्षा तर्फ सरकारी क्याम्पसमा अध्ययन गरेको हुनुपर्ने ,
ञ. उच्च शिक्षाका लागि कालिमाटी गाउँपालिकाको छात्रवृत्ति कार्यक्रम कार्यान्वयनका लागि बनाइएको छात्रवृत्ति सम्बन्धि कार्यविधि २०७९ को अनुसूची १ सहितको व्यक्तिगत विवरण पेश गर्नुपर्ने।

नोट- अन्य शर्त तथा आवश्यकता योग्यता कार्यविधिमा उल्लेख भए बमोजिम गर्नुपर्ने छ।

आज्ञाले
खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत